# मध्यवर्ती क्षेत्र व्यवस्थापन सम्बन्धी कानुनी व्यवस्था

**प्रस्तोता :**
प्रकाश चन्द्र अधिकारी
कानुन अधिकृत
वन तथा भू-संरक्षण मन्त्रालय

# विद्यमान कानून

१. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९(चौथो संशोधन-२०५०/२/२७)

२. मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२

३. मध्यवर्ती क्षेत्र व्यवस्थापन निर्देशिका, २०५६

# मध्यवर्ती क्षेत्र तोक्ने व्यवस्था

नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी चार किल्ला खोली मध्यवर्ती क्षेत्र तोक्ने व्यवस्था रहेको

मध्यवर्ती क्षेत्रको व्यवस्थापन तथा संरक्षण सम्बन्धी कार्य संरक्षकले गर्ने

संरक्षकले स्थानीय निकाय तथा उपभोक्ताहरुसँग समन्वय राखी मध्यवर्ती क्षेत्रलाई विभिन्न इकाइहरूमा विभाजन गर्न सक्ने

इकाइ विभाजन गर्दा सो क्षेत्रको सामाजिक, भौगोलिक, प्राकृतिक स्रोतको साथ साथै जैविक विविधताको संरक्षणलाई आधार मानी गर्नुपर्ने

# व्यवस्थापन कार्ययोजना

मध्यवर्ती क्षेत्र व्यवस्थापन कार्ययोजना- सामुदायिक विकास, वातावरणको संरक्षण र वनपैदावारको सन्तुलित उपभोग गर्न संरक्षकले तयार गरी विभाग हुँदै मन्त्रालयबाट स्वीकृत हुने

उपभोक्ता समितिले आफ्नो क्षेत्रको लागि कार्ययोजना तयार गरी संरक्षकबाट स्वीकृत गराउनुपर्ने

# उपभोक्ता समिति

प्रत्येक इकाइमा स्थानीय निकायसँग समन्वय राखी उपभोक्ता समिति गठन हुने ।

काम, कर्तव्य र अधिकार स्पष्टरुपमा निर्धारण गरिएको, जस्तै-

- कार्ययोजनाले निर्दिष्ट गरेका कार्यले गर्ने गराउने
- योजना कार्यान्वयन गराउने
- वार्षिक कार्यक्रम, आमदानी र खर्च स्वीकृत गराउने
- स्थानीय जनतालाई दैनिक उपभोगको लागि आवश्यक पर्ने वनपैदावारको उपभोग गर्ने परिमाण, क्षेत्र, तरिका, समय र दस्तुर तोक्ने आदि ।

# उपभोक्ता समितिको विघटन

स्वीकृत कार्ययोजना विपरित काम गरेमा, आफ्नो काम, कर्तव्य पूरा गर्न नसकेमा, निषेधित कार्य गरेमा संरक्षकले विघटन गर्न सक्ने ।

कार्वाही गर्नपूर्व पन्ध्र दिनको म्याद दिई स्पष्टीकरण माग गर्नुपर्ने ।

स्थलगत निरीक्षण गर्ने ।

संरक्षकले उपभोक्ता समिति विघटन गरेको ३५ दिनभित्र महानिर्देशक समक्ष उजुरी दिन सकिने ।

# उपभोक्ता समूह

उपभोक्ता समितिको काम, कर्तव्यलाई बढी व्यवस्थित र विकेन्द्रित गरी संचालन गर्न सम्भव भएसम्म महिला र पुरुषको समानुपातिक प्रतिनिधित्व हुने गरी उपभोक्ता समूहहरु गठन गर्न सकिने ।

उपभोक्ता समितिमा प्रतिनिधित्वको लागि दुई जनालाई पठाउने
(यससम्बन्धी व्यवस्था निर्देशिकामा मात्र भएको ।)

# उद्योग स्थापना तथा संचालन

घरेलु उद्योग बाहेकका अन्य उद्योगहरु संचालन गर्न विभागको सहमति लिनुपर्ने ।

तर वन पैदावारमा आधारित घरेलु उद्योग दर्ता गर्नुपूर्व नै विभागको सहमति प्राप्त गर्नुपर्ने ।

विभागले उद्योग खोल्न दिने सम्बन्धमा निश्चित मापदण्ड तयार पार्नुपर्ने ।

# मध्यवर्ती सामुदायिक वन

उपभोक्ता समितिले संरक्षक समक्ष निवेदन दिनुपर्ने

संरक्षकले कार्ययोजना तयार गर्न सहयोग पुऱ्याउनु पर्ने

कार्ययोजना बमोजिम कार्य नगरेमा फिर्ता लिन सकिने

३५ दिनभित्र महानिर्देशक समक्ष उजुरी दिनसकिने

वन पैदावारको उपभोग कार्ययोजना बमोजिमको मात्रा र परिणाममा नबढ्ने गरी समितिले तोकेको दस्तुर तिरी उपभोग गर्न पाउने ।

# मध्यवर्ती धार्मिक वन

धार्मिक निकाय, समूहका समुदायलाई धार्मिक वन सुम्पन सकिने

काठ, दाउरा धार्मिक स्थलको धार्मिक कार्यमा मात्र उपयोग गर्न पाउने

# मध्यवर्ती निजी वन

मध्यवर्ती निजी वनको विकास, संरक्षण, व्यवस्थापन तथा वन पैदावारको उपयोग गर्न सक्ने

मध्यवर्ती निजी वनको वन पैदावार मध्यवर्ती क्षेत्र बाहिर लान संरक्षकले पूर्जी दिनुपर्ने ।

# मध्यवर्ती वन क्षेत्र

कुनै इकाइलाई मध्यवर्ती क्षेत्र वनको रुपमा निर्धारण गर्न सक्ने

मध्यवर्ती क्षेत्रभित्रको वनको संरक्षण, सम्बर्द्धन तथा व्यवस्थापन संरक्षकले गर्नुपर्ने

यसबाट प्राप्त हुने वन पैदावार उपभोक्ता समूहले लिन चाहेमा नियमानुसार दस्तुर लिई बिक्री वितरण गर्नुपर्ने

उपभोक्ता समितिले लिन नचाहेमा बोलकबोल प्रथाद्वारा बिक्रीवितरण गर्नुपर्ने

# सामुदायिक विकास

राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्रले गरेको आम्दानीको रकममध्ये सामुदायिक विकासको लागि खर्च गरिने रकमको प्रतिशत मन्त्रालयले निर्धारण गर्नुपर्ने ।

प्राप्त रकम कुन इकाईलाई कति लिई वितरण गर्नुपर्ने हो निर्धारण गर्न कमिटि गठन हुने

| | |
|---|---|
| १ मध्यवर्ती क्षेत्रभित्रका उपभोक्ता समितिका अध्यक्षहरुले आफूमध्येबाट छानेको व्यक्ति - | अध्यक्ष |
| २ सम्बन्धित जिविसको प्रतिनिधि- | सदस्य |
| ३ सम्बन्धित उपभोक्ता समितिका अध्यक्षहरु - | सदस्यहरू |
| ४ संरक्षक - | सदस्य सचिव |

सामुदायिक विकासको लागि दिइने रकमबाट संचालन गरिने आयोजनाहरुको छनौट गरी उपभोक्ता समितिले लगत इष्टिमेटसहितको प्रस्ताव तयार गरी संरक्षक समक्ष पेश गर्नुपर्ने

संरक्षकले प्राविधिक सहयोग उपलब्ध गराउने

आयोजना सम्पन्न भएपछि जाँचपासको प्रतिवेदन संरक्षक समक्ष पेश गर्नुपर्ने ।

# सेवा संचालन

मध्यवर्ती क्षेत्रमा होटल, लज वा यस्तै सेवा संचालन गराउन चाहेमा मन्त्रालयले बोलपत्र आव्हान गर्नसक्ने

सबैभन्दा बढी राजस्व कबोल गर्ने र वातावरण संरक्षणको दृष्टिबाट उपयुक्त हुने बोलपत्र स्वीकृत हुने

# कार्यक्रम र बजेट विनियोजन

| | |
|---|---|
| संरक्षण कार्यक्रम | ३०% |
| सामुदायिक विकास कार्यक्रम | ३०% |
| आयआर्जन तथा सीप विकास कार्यक्रम | २०% |
| संरक्षण शिक्षा कार्यक्रम | १०% |
| प्रशासनिक खर्च | १०% |

# अन्य

मध्यवर्ती क्षेत्रभित्र वन्यजन्तुको चाप बढेमा संरक्षित वन्यजन्तु बाहेकका अन्य वन्यजन्तु मध्यवर्ती क्षेत्रभित्र शिकार गर्न पाउने गरी अनुमति दिन सक्ने

अनुसन्धानसम्बन्धी कार्य गर्न अनुमति दिन सक्ने

मुद्दा संरक्षकले हेर्ने